भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायिक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



ठिमी नगरपालिकाका प्रमुख मदन सुन्दर श्रेष्ठ नगर अस्पतालमा कोभिड - १९ को मलिक्युलर टेस्टिङ उपकरणको निरिक्षण गर्दै

तस्बिर: नेपाली टाईम्स




स्रोत: https://covid19.mohp.gov.np/#/

## कोभिड - १९ सम्बन्धी सूचना प्रवाह तथा सार्वजनिक गर्न राष्ट्रिय सूचना आयोगले जारी गरेको आदेश

- उपलब्ध र वितरण भएका वा गरिने तथा खरिद गरिने उपकरण स्वास्थ्य सामाग्री सेवा तथा औषधीका बारेमा तिनै तहका सार्वजनिक निकाय तथा स्वास्थ्य संस्थाबाट नियमित सार्वजनिक गर्ने
- राहत वितरणको विवरण सार्वजनिक गर्नुका साथै अभिलेखका लागि विद्युतिय प्रणालिमा सुरक्षित राख्ने
- लक्षित वर्गलाई छुट्टै कार्यक्रम ल्याएको भए त्यस्ता कार्यक्रमको बारेमा सूचना सार्वजनिक गर्ने
- विदेशबाट नेपाल आउन चाहने नेपाली नागरिकहरुलाई नेपाल ल्यउने सम्बन्धमा स्पष्ट सूचना सार्वजनिक गर्ने
- उपचार स्थलहरु वा स्वास्थय संस्थाहरुमा रहेका नागरिकहरुका बारेमा एकिकृत तथ्यांकीय विवरण नियमित सार्वजनिक गन
- अत्यावश्यकिय वस्तुको विक्रि वितरण गर्ने स्थान, समय र पालना गर्नु पर्ने नियमका बारेमा नियमित जानकारी गराउने
- राहत कोष सञ्चालनका लागि स्पष्ट कार्यविधि र निर्देशिका बनाई खर्च नियमित सार्वजनिक गर्ने
- सूचना प्रवाह गर्ने क्रममा सार्वजनिक निकायले व्यक्तिगत प्रकृतिका सूचनाहरु प्रवाह नगर्ने नगराउने

स्रोत: https://mofaga.gov.np/

# हल्ला र तथ्य



कोरोना भाईरस रोकथामको नाममा स्थानीय तहमा अनियमितता बढ्नुका साथै राहत वितरणमा भेदभाव भयो । यस सम्बन्धमा गुनासो सुन्ने निकाय छैन ?

कोरोना भाईरसको जोखिम न्यूनिकरण सम्बन्धमा स्थानीय तहहरूबाट सम्पादन भईरहेको काम कारवाहीका बारेमा कुनै गुनासो वा सुझाव भएमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहान ६ बजे देखि बेलुका ६ बजे सम्मको लागि सञ्चालन गरेको पैसा नलाग्ने टेलिफोन नं. (टोल फ्री) १६६००१०००४५ वा लेण्डलाईन नं. ०१ ४२००५१० मा सम्पर्क गरी जानकारी गराउन सकिन्छ ।

स्रोतः https://mofaga.gov.np/uploads/notices/Notices-20200522111000081.pdf



गर्भावस्थामा महिलाले तोकिएको भन्दा बाहेकका औषधि प्रयोग गर्नु हुदैन भन्छन् । कुन अवस्थामा गर्भवति महिला उपचारको लागि कोभिड अस्पताल जाने ?

खान र पिउन नसक्ने भएमा, स्वास फेर्न कठिनाई (भर्खरै शुरु भएको वा बढ्दो क्रममा रहेको) भएमा, छाती दुख्ने वा मुटुको धड्कन धेरै बढे वा घटेमा, २४ हप्ता भन्दा बढीको गर्भमा शिशुको हलचलमा कमी आएको लक्षण भएका महिलाहरूले सिधै नजिकैको कोभिड - १९ को लागि तोकिएका दोस्रो वा तेस्रो तह को अस्पतालमा सम्पर्क राख्नु पर्दछ ।

स्रोतः https://drive.google.com/file/d/1kbfcF3Uf39IbO0wMqRPRtxOHrKa2vgSp/view



सुर्खेतमा परिक्षण मेसिन हुँदाहुँदै किन पुन:परिक्षणको लागि नेपालगञ्ज पठाइन्छ ? के सुर्खेतको मेसिन भरपर्दो छैन ?

एउटै मेसिनबाट परिक्षण गर्दा त्रुटी भएमा त्यसले समाजमा गलत सन्देश जाने भएकाले सरकारले संक्रमण देखिएका बिरामीलाई पुन:परिक्षण गरी प्रमाणिकरण गर्न भेरी अस्पताल नेपालगञ्जलाई अनुमति दिएकोले त्यसरी पठाईएको हो । तर, आज मिति २०७७ जेष्ठ १२ गतेबाट राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंको अनुमति लिएर सुर्खेतको नतिजालाई नै प्रमाणित गरिने भएको छ । सुर्खेतको मेसिन पनि अन्य स्थानको मेसिन जस्तै भरपर्दो छ ।

स्रोतः डा. लक्ष्मीनारायण तिवारी, स्वास्थ्य सेवा महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश



उद्योगहरु ठप्प भएर बजारमा चाँडै अत्यावश्यकिय वस्तुको अभाव हुन्छ भन्ने त्रास छ ।

अहिलेको अवस्था हेर्ने हो भने, १० वटा औद्योगिक क्षेत्रमा रहेका ५९७ मध्ये ३४९ उद्योगहरु सञ्चालनमा रहेको र ति उद्योगको औसत सञ्चालन क्षमता ५१ प्रतिशत रहेको छ । जस मध्ये अक्सिजन प्लान्ट र LPG ग्याँस रिफिलिङ भने सत प्रतिशत क्षमतामा चलिरहेका छन् ।

स्रोतः https://moics.gov.np/media/EBulletin/notice/comparative_report_in_time_series.pdf

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाउ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ६५,०७७ संक्रमित | १८,६०९ संक्रमित | ८,०३९ संक्रमित | ३८,६५१ संक्रमित | २६,००४ संक्रमित | ६,३७० संक्रमित | ७,०५९ संक्रमित | ११,१२२ संक्रमित |
| १३६४ नेपाली संक्रमित | ८४ नेपाली संक्रमित | ३११ नेपाली संक्रमित | ६,९११ नेपाली संक्रमित | ५०० नेपाली संक्रमित | | ५५ नेपाली संक्रमित | |
| ७ मृत्यु भएका नेपाली | १ मृत्यु भएक नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | | | |



गन्तव्य राष्ट्रमा संक्रमित नेपाली

गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://who.sprinklr.com/
https://coronavirus.jhu.edu/
https://publications.iom.int/

ShramikSanjal

## कतारमा रहनुभएका नेपाली श्रमिकहरुका लागि महत्वपूर्ण जानकारी

- कोभिड - १९ को संकटको कारणले कतारमा रहनुभएका नेपालीहरूलाई खाना सम्बन्धी कुनै समस्या परेमा ७४४४९५९२, ५०१२९९००, ७०९०९७२२ मा फोन तथा nrnancc.qatar2003@gmail.com मा इमेल गरी सम्पर्क गर्न सकिनेछ। नेपाली दुतावास, दोहा र गैह्र आवासीय नेपाली संघ समन्वय परिषद कतारको सहकार्यमा राहत वितरण गरिदै छ ।

- १९ मे २०२० देखी ३० मे २०२० सम्म खाना र केटरिङ पसल, औषधी पसल, डेलिभरी सेवा दिने रेस्टुरेन्ट बाहेक सम्पूर्ण पसलहरू र सबै व्यवसायिक क्रियाकलापहरू बन्द गर्ने ।

# $ फलो द मनी

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ७ अर्ब २० करोड

विश्व बैंक
करिब ३ अर्ब ४८ करोड

आई.एम.एफ.
करिब १३ अर्ब ९ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ८० करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च
स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्ब ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.३ करोड | करिब ६१ करोड | करिब ४० करोड | करिब १५ करोड | करिब २३.६ करोड | करिब ५० करोड | करिब ४०.२ करोड |
| खर्च गरिएको रकम | करिब १७.८ करोड | करिब १७.७ करोड | करिब १२.३ करोड | करिब ९.२० करोड | करिब १३.६ करोड | करिब १३.२ करोड | करिब २०.१ करोड |

## प्रदेश १, प्रदेश २ र प्रदेश ५ का स्थानीय तहमा भएको बजेट निकासाको तुलनात्मक चार्ट

गाउँपालिका | नगरपालिका | उप-महानगरपालिका | महानगरपालिका | जिल्ला समन्वय समिति




प्रदेश अनुसार प्रति स्थानीय तहलाई निकासा गरिएको बजेट




पहिचान गरिएका प्रति संक्रमितलाई छुट्याईएको बजेट

स्थानीय तहले हाल छुट्याएको बजेट विशेष गरेर क्वारेन्टाईन व्यवस्थापन र राहत वितरणको लागि हो । यद्यपी त्यो बजेट अहिलेको संक्रमितको संख्या पहिचान गर्नु भन्दा पहिला नै छुट्याइएको थियो । राहतमा हाल सम्म पनि कुन शिर्षकमा कति बजेट खर्च भयो भनेर उल्लेख गरिएको पाईदैन । राहतको लागि छुट्याएको जम्मा बजेटको राम्रो व्यवस्थापन भएको देखिदैन । यसरी हेर्दा, अब सरकारले बजेट निकासा गर्दा पुनर्विचार गरी पारदर्शि बनाउनु पर्दछ ।

नोटः यो विवरण पूर्ण हैन। उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो। थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं।

# प्रदेश ५

## तथ्यांकमा प्रदेश ५

प्रदेश ५ मा रहेका ८७३ क्वारेन्टाईनमा २९ हजार ५९८ बेड संख्या रहेको छ । १९ हजार ५६ जना क्वारेन्टीनमा रहेका छन । क्वारेन्टाईनमा बसेकाहरु अधिकांस भारतबाट आएका नागरिक हुन् । प्रदेश ५ सामाजिक बिकास मन्त्रालय अन्र्तगत स्वास्थ्य महाशाखाको आइतबार दिउसो १२ बजेसम्मको तथ्याङक अनुसार प्रदेश नम्बर पाँचमा कोभिड १९ वाट संक्रमित हुनेको संख्या २७७ पुगेको छ । सबैभन्दा बढि बाँकेमा १४२ जना रहेका छन । कपिलबस्तुमा ८० जना र रुपन्देहीमा ४० जनामा कोभिड १९ पुष्टि भएको छ । नवलपरासी पश्चिममा ५ , बर्दियामा ३ , दाङमा ५ र गुल्मीमा २ जना कोभिड १९ पुष्टि भएकाछन् ।




प्रदेश ५

## चुनौती

अहिलेको तथ्यांक हेर्दा प्रदेश ५ सबै भन्दा बढी प्रभावित देखिन्छ । भारतसंग सिमा जोडिएका कारण पनि सो क्षेत्र बढी जोखिमपूर्ण मानिन्छ । त्यसै गरेर क्वारेन्टाईनको उचित व्यवस्थापन गर्न नसक्दा पनि जोखिम बढेको देखिन्छ । रूपनदेहीमा केहि स्थानीयले क्वारेन्टाईन भद्रगोल भयो भनेर प्रदर्शन पनि गरेकाछन् । भारतिय सिमा मर्चवार क्षेत्रको कोटहीमाई गाउँपलिकाले वडा नं. ६ हदी स्थित बोगडी माध्य(ामिक विद्यालयमा बनाईएको क्वारेन्टाईनमा रहेकाहरु साँझपख बाहिर निस्कीएर हिडडुल गर्ने, त्यहाँ खाना पकाउने कर्मचारी दिनहुँ घरबाट आउनेजाने र क्वारेन्टाइनमा पकाएको खाना समेत लिएर गाउँ जाने गरेका कारण गाउँ नै जोखिम बढेको स्थानीयको भनाईछ ।

## समाधान

सरकारले क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ जारी गरेको छ । तर, त्यसको उचित कार्यान्वयन नभएको माथिको घटनाले प्रष्ट पार्छ । यसका लागि मुख्यत: निम्न ५ कुरामा ध्यान दिन जरुरी छ:

१. मापदण्डलाई पालना गर्नुपर्ने क्वारेन्टाईन व्यवस्थापनमा खटिएका कर्मचारीलाई उचित तालिमको व्यवस्था गर्ने ।

२. क्वारेन्टाईनमा बस्ने व्यक्तिले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा सरल अनि बुझ्ने भाषमा सम्झाउने ।

३. क्वारेन्टाईन मापदण्ड अनुसार सञ्चालन भए नभएकोबारे नियमनकारी निकायले नियमित अनुगमन गर्ने ।

४. क्वारेन्टाईनमा बसेका ब्यक्तिलाई सरकारले तोके बमोजिमको न्युनतम सेवा सुविधा उपलब्ध गराउने।

५. स्थानीयले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्ने ।

# किन कोभिड - १९ को परिक्षणको गती बढाउन जरुरी छ ?

सही सूचना

## कोभिड - १९ को पिसिआरको परिक्षणको संख्या र संक्रमितको बृद्धि दर




माथिको ग्राफले पछिल्लो १५ दिनमा दैनिक रुपमा पिसिआर पक्षिण क्षमता ५ गुणाले बृद्धि भएको देखाउँछ । यो संगै कोभिड - १९ बाट संक्रमितको संख्या पनि सोही अनुसार बढेको देखिन्छ । यसले परिक्षणको क्षमतामा धेरै बृद्धि गर्नुपर्नेछ भन्ने देखाउँछ । तुलनात्मक रुपमा हेर्ने हो भने, नेपालले दैनिक ३ हजारको संख्यामा परिक्षण गर्दा, पाकिस्तानले दैनिक १५ हजारको परिक्षण गर्छ, बंगलादेशले दैनिक १० हजार परिक्षण गर्छ भने भारतले दैनिक एक लाख भन्दा बढीको परिक्षण गर्दैछ ।

स्रोत: HEOC, MoHP, SitRep

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219